निर्णय नं. ३

मर्मत संभार कोषको स्थापना र व्यवस्थापनः

मिथिला नगरपालिका क्षेत्र भित्र रहेका सडक लगायत अन्य भौतिक पूर्वाधारहरुको नियमित मर्मत सम्भार तथा निर्माण कार्यको लागि रु. ५० लाख रकम रहने गरी मर्मत सम्भार कोष स्थापना गर्ने । उक्त मर्मत संभार कोषमा जम्मा भएको रकम कार्यपालिकाले आवश्यकता र आकस्मिकताको आधारमा कार्यविधिको प्रक्रिया पुरा गरी सडक मर्मत सम्भार लगायत भौतिक पूर्वाधारमा खर्च गर्न सक्ने गरी निर्णय गरियो ।

निर्णय नं. ४

मिथिला नगर कार्यपालिकाको कार्यक्रम तथा बजेटहरु कार्यान्वय गर्दा आम्दानी र निकासा भए अनुसार तपसिल अनुसारको प्राथमिकीकरणको आधारमा कार्यान्वयन गर्ने ।

१. कार्यालयको दैनिक प्रशासन र प्रशासनिक बजेटमा परेका विषयवस्तुहरु
२. आ.व. २०७८/०७९ मा कार्यान्वय हुन नसकी आ.व. २०७९।०८० मा सरी आएका योजनाहरु ।
३. वडास्तरीय योजनाहरु ।
४. नगर प्रवर्द्धनका कार्यक्रमहरु ।
५. नगरस्तरीय पूर्वाधारका योजनाहरु

निर्णय नं. ५

मिथिला नगर कार्यपालिकाबाट कार्य सम्पादन गर्ने सम्बन्धमा आईपर्ने वाधा व्यवधान समेतलाई मध्येनजर गरी आवश्यक पर्ने नीति, नियमावाली, कार्यविधि तथा निर्देशिकाहरु निर्माण गरी लागु गर्न नगर कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

निर्णय नं. ६

नेपालको संविधान अनुसार स्थानीय तह कार्यान्वयनमा आएकोले विभिन्न बिषयगत मन्त्रालय तथा निकायहरुले गर्दै आएका कार्यहरु यस नगरपालिकामा हस्तान्तरण भई आएका र आउने क्रममा रहेका विभिन्न बिषयगत कार्यालय र निकायहरुका कर्मचारीहरुलाई व्यवस्थापन गर्दै लैजाने। साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्ताव गरिएको नगरपालिकाको संगठन संरचना र दरवन्दी प्रस्ताव तथा नगर कार्यपालिका कार्य विभाजन नियमावलीमा व्यवस्था भए अनुसारको विषयगत शाखा( शाखा, कार्यालय, उपशाखा, ईकाइ) रहने कर्मचारीहरुको दरवन्दी र संख्या एकिन गरी स्वीकृत गर्न कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

निर्णय नं. ७

यस मिथिला नगरपालिकामा आ.ब. २०७९।०८० को लागि संचालन हुने तालिम, गोष्ठी, परिक्षा संचालन, अनुगमन आदि खर्चको सिमा देहाय बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र.स | खर्च क्षेत्र | इकाई | दर रु | सीमा |
|---|---|---|---|---|
| १ | कार्यक्रम संयोजक भत्ता | प्रति दिन | १५००।०० | बढीमा २ दिन सम्म(सो भन्दा बढि भएमा प्रतिदिन रु. १०००।००) |
| २ | श्रोत व्यक्तिको पारिश्रमिक (बाह्य) | प्रति सेसन | ४०००।०० | १ घण्टा ३० मिनेटको लागि |
| ३ | श्रोत व्यक्तिको पारिश्रमिक (आन्तरिक) | प्रति सेसन | २०००।०० | १ घण्टा ३० मिनेटको लागि |

| | | | | |
|---|---|---|---|---|
| ४ | सहजकर्ता पारिश्रमिक (बाह्य) | प्रति दिन | १५००।०० | एक दिनमा १ जना मात्र |
| ५ | सहजकर्ता पारिश्रमिक (आन्तरिक) | प्रति दिन | १०००।०० | एक दिनमा १ जना मात्र |
| ६ | खाजा खर्च | प्रतिव्यक्ति प्रतिदिन | १००।०० | दिनको १ पटक मात्र |
| ७ | खाना खर्च | प्रतिव्यक्ति प्रतिदिन | ३५०।०० | दिनको १ पटक मात्र |
| ८ | चिया बिस्कुट खर्च | प्रतिव्यक्ति | ५०।०० | दिनको २ पटक मात्र |
| ९ | सहभागि स्टेशनरी | प्रतिव्यक्ति प्रतितालिम | १००।०० | कापी कलम र अन्य |
| १० | तालिम सामग्री | प्रति सेसन | १०००।०० | मार्कर, बोर्डपिन र लूजपेपर |
| ११ | आवासीय तालिममा प्रति सहभागि | प्रतिव्यक्ति प्रतिदिन | १६००।०० | खान बस्न सहित |
| १२ | उद्घाटन खर्च | प्रति तालिम | ३०००।०० | आवश्यकता अनुसार |
| १३ | समापन खर्च | प्रति तालिम | ३०००।०० | आवश्यकता अनुसार |
| १४ | प्रतिवेदन लेखन | प्रति तालिम | २०००।०० | एक कार्यक्रममा १ जना मात्र |
| १५ | पदपुर्ति समिति र अन्तर्वार्ता समिति बैठक भत्ता (अधिकृत स्तर) | प्रति दिन | २५००।०० | |
| १६ | पदपुर्ति समिति र अन्तर्वार्ता समिति बैठक भत्ता (सहायक स्तर) | प्रति दिन | १५००।०० | |
| १७ | लिखित र मौखिक परीक्षा भत्ता | लोकसेवाको (Norms) अनुसार | | |
| १८ | अतिरिक्त समयमा काम गर्दा | प्रति घण्टा | तलब स्केलको घण्टा अनुसार | एक दिनमा २ घण्टा भन्दा बढी काम गरेमात्र |
| १९ | अन्य विविध खर्च | प्रति कार्यक्रम | आवश्यकता अनुसार | व्यानर तथा फोटोकपी |
| २० | बाह्य श्रोत व्यक्ति बास खर्च | प्रतिदिन | दै.भ्र.भ.नियमानुसार | कार्यक्रम अबधि र अघिल्लो दिन सम्मको |
| २१ | बाह्य श्रोत व्यक्ति यातायात खर्च | आउदा र जदाको दिनको मात्र | दै.भ्र.भ.नियमानुसार | हवाई टिकट वा बस भाडा अनुसार |
| २२ | सहभागी यातायात खर्च | प्रति दिन | ५००।०० | आतेजाते दुवैको |
| २३ | हल भाडा | प्रति दिन | कर विजक अनुसार | कर विजक अनुसार |
| २४ | सहभागि भत्ता | प्रति दिन | १०००।०० | |

नोटः यसमा उल्लेख खर्चको सिमा तथा दर नेपाल सरकारबाट तोकिए बमोजिम र प्रदेश सरकारबाट तोकिए बमोजिम हुनेछ । विशेष प्रकृतिको तालिम (राष्ट्रिय स्तरको प्रशिक्षक) भएमा औचित्य पुष्टयाई हुने गरी सम्झौताको आधारमा प्रशिक्षक भत्ता उपलव्ध गराउन सकिनेछ

**निर्णय नं. ८**

मिथिला नगरपालिकाको निम्न पदाधिकारीहरुलाई सेवा सुविधा प्रदेश सरकारले तोके वमोजिम र निम्न अनुसारको ईन्धन तथा वैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निम्नः

| पदाधिकारी तथा कर्मचारी | इन्धन मासिक | बैठक भत्ता प्रति बैठक |
|---|---|---|
| नगर प्रमुख | आवश्यकता अनुसार तथा प्रदेश सरकारले तोके बमोजिम | वैठकको अध्यक्षता गर्ने पदाधिकारी वा कर्मचारीलाई अर्थ मन्त्रालयबाट तोकिएको नम्स अनुसार वा प्रदेश सरकारले तोकिएको नम्स अनुसार |
| नगर उप प्रमुख | प्रदेश सरकारले तोके वमोजिम | |
| प्रमुख प्रशासकीय अधिकृत | लगबुक अनुसार | |
| वडा अध्यक्ष | प्रदेश सरकारले तोके वमोजिम | |
| कार्यपालिका सदस्य | प्रदेश सरकारले तोके वमोजिम | |
| सदस्य | प्रदेश सरकारले तोके वमोजिम | |
| अन्य कर्मचारी | कार्यालयको कामको आधारमा लगबुक अनुसार | |

**नोटः**

- अन्य आमन्त्रित सदस्य र वाहय कार्यालयका कर्मचारीहरुलाई रु. १०००।०० का दरले बैठक भत्ता उपलब्ध हुनेछ ।
- नगरपालिकाबाट गठित समिति, उप समिति, कार्यदल, बोलपत्र/दरभाउपत्र खोल्दा र मुल्यांकन गर्दा, डाक वढाबढको कार्य गर्दा, योजना अनुगमनको लागि समेत रु. १०००।०० का दरले बैठक भत्ता उपलब्ध हुनेछ ।

**निर्णय नं. ९**

नगरसभाको तयारीका क्रममा खटिएका कर्मचारीहरुलाई साझ विहान अतिरिक्त काम गरेवापत उपस्थित दिनको निम्न बमोजिमको थप पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

| कर्मचारी स्तर | प्रति दिन रु. |
|---|---|
| उप सचिव स्तर | १६००।०० |
| अधिकृत स्तर | १४००।०० |
| ना.सु. स्तर | १२००।०० |
| खरिदार स्तर | १०००।०० |
| कार्यालय सहयोगी | ५००।०० |

**निर्णय नं.१०**

मिथिला नगरपालिकाका मुख्य कार्यालयमा कार्यरत कर्मचारीहरुको हकमा नगर प्रमुख तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको हकमा वडा समितिको निर्णय वमोजिम प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत र अन्य अधिकृत कर्मचारीलाई १५, वडा सचिवलाई १० प्रतिशत र अन्य कर्मचारीलाई कामको आधारमा १० प्रतिशत सम्म प्रोत्साहन भत्ता दिन सकिने छ ।

**निर्णय नं.११**

नगर क्षेत्रमा संचालित विकास आयोजनाहरु संचालन गर्नका लागि आवश्यक पर्ने बस्तु तथा सेवाको स्थानीय दररेट निर्धारण गरी लागु गर्न नगर कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं.१२**

सवै वडा समितिको निर्णयवाट माग भई आए अनुसार यस नगर सभाले योजना वैंकको रुपमा अनुसूचीमा समावेश गरेको तर बजेटको प्राथमिकतामा पर्न नसकेका योजना र कार्यक्रमलाई नगरपालिकाको उपलव्ध स्रोत भएमा वा अन्य विकासका साझेदार निकायहरुसँगको साझेदारीमा प्राथमिकताका आधरमा संचालन गरी क्रमशः वडावासीका मागलाई सम्वोधन गर्दै लैजाने निर्णय गरियो।

**निर्णय नं.१३**

नगर क्षेत्र भित्र संचालनमा रहेका र अव उप्रान्त संचालनको लागि अनुमति माग भई आउने संस्थागत विद्यालयहरुलाई प्रचलित ऐन, कानून र परिपत्रका आधारमा नियमन गर्ने, कक्षा थप गर्ने, नयाँ विद्यालय संचालनका लागि अनुमति दिने अधिकार नगर कार्यपालिकालाई दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

साधारण रिक्सा, सिटी रिक्सा, अटो रिक्सा/टेम्फु लगायत नगर क्षेत्रमा संचालित सवारी साधनलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि भाडादर निर्धारण तथा पार्किङ लगायतका आबश्यक व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

नेपालको संविधान (२०७२) तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी यस नगरपालिकाको समुन्नत विकासका लागि देश विदेशका नगरपालिकासंग भगिनी सम्बन्ध कायम गर्न नगर कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं. १६**

स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण गर्न आबश्यक अभिलेखांकन गर्ने कार्यको निरन्तरता दिने निर्णय गरियो ।

**निर्याय नं. १७**

नगर तथा वडा स्तरबाट संचालन हुने सार्वजनिक निर्माणका आयोजना तथा कार्यक्रमहरुमा स्वीकृत वजेटको पूँजीगत बजेटबाट ३ प्रतिशतले हुन आउने रकम कन्टीन्जेन्सी रकम वापत कट्टा गर्ने र सो रकमबाट विकास निर्माण आयोजना सञ्चालन गर्दा खटिने कर्मचारीहरुको प्राविधिक तथा पारवहन खर्च तथा अन्य विस्तृत योजना प्रतिवेदन (DPR) खर्च, विकास आयोजना प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक पर्ने मेशिनरी औजारहरु खरिद गने लगायत तोकिए वमोजिमको कार्यमा आवश्यक्ता बमोजिम योजना बनाई खर्च गर्न नगरकार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं. १८**

यस नगरपालिका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह सरकारी संस्था लगायतका संघ संस्थाहरुले यस नगर क्षेत्रमा संचालन गर्ने कार्यक्रम तथा परियोजनाहरु नगरपालिकाको स्वीकृत मापदण्डको अधिनमा रही नगरपालिकाले स्वीकृत गरे पश्चात मात्र परियोजना तथा कार्यक्रमहरु संचालन गर्न दिने निर्णय गरियो ।

**निर्णय नं. १९**

नगरपालिकामा स्थायी रुपमा कार्यरत कर्मचारीहरुको लागि सेवा सुरक्षालाई ध्यान दिदै घटिमा १ महिना बराबरको तलवलाई कर्मचारी कल्याण कोषमा जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

दुई वा दुई भन्दा वढी स्थानीय तहलाई प्रत्यक्ष फाइदा पुग्ने योजना संचालन गर्न आवश्यक समन्वय गर्न नगर कार्यपालिकालाई अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. २१**

मिथिला नगरपालिका भित्र बैदेशिक वा अन्तराष्ट्रिय संघ संस्थाले कार्यक्रम संचालन तथा लगानी गरी व्यवशाय गर्न चाहेमा नगरपालिका संग स्वीकृती लिई मात्र संचालन गर्न दिने निर्णय गरियो ।

**निर्णय नं. २२**

मिथिला नगरपालिका भित्र संचालनमा रहेका ठुला आयोजनाहरु नगरपालिकाले समय समयमा समन्वय, अनुगमन र राय सल्लाह दिई उक्त आयोजनालाई प्रभावकारी रुपमा संचालन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. २३**

नवौं नगर सभा पश्चात नगरपालिकाबाट आर्थिक वर्ष २०७८/०७९ को हाल सम्म भएको आम्दानी र खर्च विवरण अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

मिथिला नगरपालिकाको नवौं नगर सभाबाट स्वीकृत भएका केही योजनाहरु कार्यान्वय गर्न कठिनाई भई नगर कार्यपालिकाको विभिन्न मितिको निर्णय अनुसार संशोधन भएका योजनाहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२५**

मिथिला नगरपालिकामा कार्यरत स्थानीय कर्मचारीहरुको आ.व. २०७९/०८० को तलबमान सहितको तलबी प्रतिवेदन स्वीकृतिका लागि नगर कार्यपालिकालाई अधिकार प्रत्योजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

मिथिला नगरपालिकाको आ.ब. २०७९/०८० को बजेटमा व्यवस्था भए बमोजिमको रकमबाट खरीद गर्नु पर्ने निर्माण सामाग्री, सेवा तथा वस्तुहरुको खरिद योजना स्वीकृत गरी लागु गर्न नगरपालिकालाई अधिकार दिने निर्णय गरियो।

**निर्णय नं.२७**

मिथिला नगरपालिकाको आ.ब. २०७९/०८० मा सञ्चालन हुने विकास निर्माण आयोजनाहरुको बार्षिक कार्यक्रम तथा बजेट बमोजिमको कार्ययोजना सहितको कार्यतालिका स्वीकृत गर्न नगर कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं. २८**

मिथिला नगरपालिकाको वार्षिक जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम मर्मत गर्दा पनि सुचारु रुपमा संचालन हुन नसक्ने भनी प्राप्त भएका खर्च भएर नजाने जिन्सी सामानहरु लिलाम तथा नियमानुसार मिन्हा गर्नुपर्ने भए मिन्हा गर्न नगर कार्यपालिकालाई अधिकार दिने गरियो ।

**निर्णय नं.२९**

मिथिला नगरपालिकाको क्षेत्र भित्र विविध बिषयहरुमा बिषयगत समिति तथा उपसमितिहरु र अन्य आवश्यक बिषयका समिति तथा उपसमिति गठन गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३०**

मिथिला नगरपालिकालाई वुझाउनु पर्ने वाकी वक्यौता कर, पेश्की वेरुजु, वेरुजु, ऋण तथा अन्य विविध बक्यौता रकम नवुझाउने तथा फरफारक गर्न कुनै प्रक्रिया नचालेका ब्यक्ति तथा संस्थाहरुलाई पूर्वसूचना दिई न.पा.बाट प्रवाह गरिने सेवा रोक्का राखे निर्णय गरियो ।

**निर्णय नं.३१**

नगरमा आईपर्ने विपत्ती (विपद्) तथा अत्यावश्यक हुन योजनाहरु संचालन गर्नु पर्ने अवस्था आएमा आवश्यक व्यवस्थापन गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३२**

नगर सभाबाट पारित कार्यक्रम तथा बजेट कार्यान्वयनको शिलशिलामा कुनै कारणले कार्यान्वयन हुन नसकेको अवस्था सृजना भएमा सम्बन्धित वडा समितिको सिफारिसमा सो कार्यक्रम तथा बजेट संसोधन, थप वा घट गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३३**

मिथिला नगरपालिका कार्यालयको गत विगत आ.ब.मा सम्पन्न भएका अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याएका वेरुजुहरुको सम्परीक्षण तथा नियमित गर्ने काम गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३४**

यस कार्यालयमा आन्तरिक लेखापरीक्षण शाखाको व्यवस्था नभए सम्मका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आ.ले.प. गराउने निर्णय गरियो ।

**निर्णय नं.३५**

नगरपालिका गठन पूर्व निर्माण भएका व्यक्तिगत, संस्थागत र अन्य भवन तथा संरचनालाई नियमित र अभिलेखीकरण गर्ने कार्यलाई निरन्तरता दिने वा नदिने भनी निर्णय गर्न नगर कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं.३६**

सार्वजनिक, ऐलानी र पर्ति जग्गा तथा व्यापार व्यवसाय एवं उद्योगको लगत संकलन गर्ने कार्यलाई निरन्तरता दिने।

**निर्णय नं.३७**

उपभोक्ता समिति मार्फत कार्यान्वयन हुन सक्ने प्रकृतिका योजनाहरु कार्यान्वियनका लागि निश्चित अवधिको सूचना दिई न.पा.द्वारा वडा कार्यालयको सिफारिसमा उपभोक्ता समिति गठन गर्न संझौताका लागि जानकारी दिने र तोकिएको अवधिमा संझौता गर्न नआएमा सार्वजनिक खरिद नियमावलीमा व्यवस्था भए अनुसार अन्य विधिबाट खरिद गर्न नगरपालिकालाई अधिकार निर्णय गरियो ।

**निर्णय नं.३८**

मिथिला नगरपालिकाकाको वस्ती विकास शहरी योजना तथा भवन निमार्ण सम्वन्धि आधारभुत निर्माण मापदण्ड, २०७५ अनुसार प्रभावकारी रुपमा नक्सापास प्रकृयालाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३९**

नगर शिक्षा समितिको सिफारिश अनुसार नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुको व्यवस्थापन तथा दरवन्दी मिलान गर्नको लागि नगर कार्यपालिकालाई निर्देशन तथा अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं.४०**

नगर सभा संचालन कार्यबिधि २०७४ को दफा १६ वमोजिम अध्यक्षज्यूबाट प्रस्ताव निर्णयार्थ सभा समक्ष पेश हुँदा यस नगर सभाले निर्णय गर्नु पर्ने बिषयहरु नगर सभाको चालु बैठकमा आवश्यक तयारी पुरा गरी पेश गर्न समय सिमाका कारण सम्भव नभएको हुँदा नगर सभाबाट पारित ऐन वजेट, नीति कार्यक्रम प्रस्ताव एवं निर्णय कार्यन्वयन गर्ने लगाएतका बिषयहरुमा बाटो खुल्ला गर्न बाधा अड्काउ फुकाउन, कार्यक्रम बजेट कार्यान्वयन गर्न यस नगर सभामा निहित त्यस्ता अधिकारहरु नगर सभाबाट गठित बिधेयक समितिको सिफारिसको आधारमा कार्यन्वयन गर्नका लागि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४१**

यस नगरपालिकामा स्वीकृत दरबन्दीमा कार्यरत सेवा करारमा कार्यरत रहेका कर्मचारीहरुलाई यस नगरपालिका र कर्मचारी बिच भएको सेवा करारको सम्झौतामा तोकिएको सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.४२**

यस नगरपालिकाका जनप्रतिनिधी र कर्मचारीहरु समेत सवैले व्यक्तिगत स्थायी लेखा नम्बर परिचय पत्र (**PAN Number**) आनिर्वाय लिनुपर्ने निर्णय गरियो ।

**निर्णय नं. ४३**

*आगामी आ.व. २०७९।०८० मा यस नगरपालिकामा संघ र प्रदेशबाट प्राप्त हुने कार्यक्रमहरुको स्विकृत* दरवन्दिका पदहरु र यस नगरपालिकाको आफनो कार्यक्रम संचालनको लागि आबश्यक पदहरुको सम्बन्धित कार्यक्रमहरुमा प्राप्त हुने अख्तियारीबाट खर्च व्यहोर्ने गरि पदपुर्तिको प्रक्रिया अघि बढाउने अधिकार कार्यपालिकामा प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४४

नगरपालिकाको आन्तरिक आय कम रहेकोले आन्तरिक आय श्रोत बृद्धि गर्नुपर्ने आबश्यक्ता देखिएकोमा नगरवासिहरुलाई करको बोझ कम हुने गरि करको दर बृद्धि बृद्धि गर्नु भन्दा करको क्षेत्र फराकिलो पार्ने नीति रहेकोले यस नगरपालिका अन्तर्गत व्यापार व्यबसाय लगायतका अन्य क्षेत्र हरुको पहिचान गर्ने, नगरपालिकामा दर्ता भएकाहरुलाई नियमित कर असुलि गर्ने र दर्ता नभई संचालन भएका व्यबासायहरुलाई दर्ताको प्रक्रियामा आवद्ध गरि कर संकलन गर्न घुम्ति टोलि परिचालन गर्न समिति गठनको लागि कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.४५

अस्थायी तथा सेवा करारमा रहेका कर्मचारीहरुलाई फिल्ड काजमा खटिदा नेपाल सरकारका निजामति कर्मचारीलाई तोकिएको समान तहले पाउने बराबर दैनिक भत्ता उपलब्ध गराउने निर्णय गरियो । साथै सेवा करारमा रहेका कर्मचारीहरुलाई पोशाक भत्ता नेपाल सरकारले तोकेको दरमा उपलब्ध गराउने र एक महिनाको तलव बराबरको चाडपर्व खर्चको दिने निर्णय गरियो ।

निर्णय नं.४६

मिथिला नगरपालिकाको कार्यपालिकाबाट स्वीकृत भई पेश हुन आएका तपसिलका नियमावली, निर्देशिका, कार्यविधिहरु अनुमोदन गर्ने निर्णय पारित गरियो ।

ऐन:-

१. मिथिला नगरपालिकाको प्रशासकिय कार्यविधि(नियमित गर्ने) विधेयक,२०७९
२. मिथिला नगरपालिकामा विपद् जेखिम न्युनिकरण तथा व्यवस्थापन गर्न वनेको विधेयक,२०७९

कार्यविधिहरु:-

१. मिथिला नगरपालिकाको संस्थादर्ता तथा नविकरण सम्बन्धि कार्यविधि,२०७९
२. विषयगत समिति (कार्यसञ्चालन)कार्यविधि,२०७९
३. ढुंगा,गिट्टी,वालुवा ग्राभेल आदिको निकासीमा अमानतबाट राजस्व संकलन गर्ने कार्य योजना,२०७९
४. खानेपानी तथा सरसरफाई उपभोक्ता समिति व्वस्थापन कार्यविधि,२०७९

निर्णय नं.४८

नगर सभा संचालनमा सहयोग पुर्‍याउने नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु, प्रतिनिधि सभा तथा प्रदेश सभाका माननीय सदस्यज्यूहरु, सबै राजनीतिक दल, प्रमुख प्रशासकिय अधिकृत लगायत सबै कर्मचारीहरु, संचारकर्मी, उद्योगी व्यबसायी लगाएत सम्पूर्ण नगरवासीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दै दशौं नगरसभा सम्पन्न गरियो ।